नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्याः २०८१।०८२
चलानी नं.: ९४६

सिंहदरबार, काठमाडौं
नेपाल ।
मिति २०८१।१०।११

नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौं

विषयः कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

प्रस्तुत विषयमा शीतलहर तथा हिमपातका लागि विगतदेखि नै पूर्वतयारी कार्ययोजना कार्यान्वयन भइरहेकै छ। जल तथा मौसम विज्ञान विभागद्वारा जारी वुलेटिन अनुसार शीतलहरको जोखिम कायम रहिरहेकाले संलग्न कार्ययोजनालाई थप प्रभावकारी रूपले कार्यान्वयन गर्नका लागि स्थानीय तहसँगको सहकार्य र समन्वयमा कार्ययोजना कार्यान्वयन गर्नुहुन निर्णयानुसार पुनः प्रेषित गरिएको व्यहोरा अनुरोध छ।

(डा. डिजन भट्टराई)
उप-सचिव

सादर अवगतार्थ
माननीय गृह मन्त्रीज्यूको निजी सचिवालय,
सिंहदरवार, काठमाडौं ।
श्रीमान् सचिवज्यूको सचिवालय,
गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

फोनः ०१-४२११७७, ४२११०९०, ४२१११९५, टोल फ्रिः ११४९, इमेल : info@bipad.gov.np, ndrrma@gmail.com, URL:www.bipad.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

**राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

**सिंहदरवार, काठमाडौं**

## शीतलहर तथा हिमपातको जोखिम न्यूनीकरण र पूर्वतयारी कार्ययोजना-२०८१

कार्तिक महिना देखि फागुन महिनासम्म नेपालका विभिन्न भागमा शीतलहर तथा हिमपातको प्रभाव देखिने गरेको छ। तराई तथा भित्री मधेशका जिल्लाहरूमा जाडोको समयमा शितलहरको जोखिम रहने र उच्च पहाडी तथा हिमाली जिल्लाहरूमा तापक्रम निकै नै घटन गई चिसो बढने र हिमपात हुने गरेको छ। शीतलहर, अत्याधिक चिसो र हिमपातबाट विपन्न वर्गहरू बढी प्रभावित हुने र यस अवधीमा स्वास प्रश्वास सम्वन्धी रोगहरूको प्रकोप समेत हुनसक्ने भएकोले बृद्धबृद्धा, बालबालिका, सुत्केरी महिलाहरू, अपाङगता भएका व्यक्तिहरू, दीर्घ रोगीहरूलाई विशेष संरक्षणको आवश्यकता पर्दछ। शीतलहर तथा हिमपातको समयमा प्रभावित हुने क्षेत्र, जनसंख्या, आवश्यक पर्ने राहत तथा उद्धारका सामग्रीहरू र गर्नुपर्ने आवश्यक पूर्वतयारी र प्रतिकार्यको योजनावद्ध कार्यढाँचा निम्नानुसार हुनेछः

१. शीतलहरको जोखिम

मुख्य प्रभावित क्षेत्र:

- **तराई क्षेत्रका जिल्लाहरू**: झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, बाँके, बर्दिया, पूर्वी तथा पश्चिम नवलपरासी, कपिलवस्तु, रुपन्देही, कैलाली, कन्चनपुर,

आंशिक प्रभावित क्षेत्र:

- उदयपुर, मकवानपुर, सिन्धुली, सुर्खेत, दाङ,

यी क्षेत्रमा चिसो मौसममा अत्यधिक चिसोपनका कारण तापक्रम निकै घट्ने र चिसोको कारण विभिन्न रोगजन्य प्रकोपहरू समेत देखिने गरेको छ।

२. सम्भावित प्रभावहरू:

(क) **स्वास्थ्यमा पर्नसक्ने असर**:

- जाडोबाट बच्ने साधनको अभावले निमोनिया, हाइपोथर्मिया, र श्वासप्रश्वाससम्बन्धी समस्याहरू।
- बालबालिका, वृद्धवृद्धा, र कमजोर स्वास्थ्य अवस्थाका व्यक्तिमा उच्च स्वास्थ्य जोखिम।

(ख) **आर्थिक असर**:

- कृषिमा नोक्सानी (तरकारी र फलफूलमा ठन्डीले क्षति)।
- दैनिक ज्यालादारी मजदुरहरूको काम प्रभावित भई दैनिक गुजारा चलाउन कठिनाई हुने।

(ग) **शिक्षा, स्वास्थ्य, दुरसन्चार र यातायात सेवामा पर्नसक्ने असर**:

- चिसोका कारण विद्यालय बन्द गर्नुपर्ने अवस्था हुनसक्ने ।
- यातायात र हवाई सेवामा अवरोध हुनसक्ने ।
- स्वास्थ्य संस्थाहरू सन्चालनमा कठिनाई हुने ।
- दुरसन्चार प्रणाली अवरुद्व हुनसक्ने ।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

(घ) **अन्य प्रभावहरुः**

- जाडोको समयमा कोठा न्यानो बनाउन हिटर, ग्यास अथवा आगो ताप्ने कारणबाट हुने दुर्घटनाहरू र आगलागी
- तराई क्षेत्रमा बाक्लो कुहिरोको कारण स्थलमार्गमा कम दृश्यक्षमता (Poor visibility) का कारण सवारी दुर्घटनाका घटना बढनसक्ने ।

३. हिमपातको जोखिम

मुख्य प्रभावित क्षेत्रहरूः

- **हिमाली क्षेत्र**: हुम्ला, मुगु, डोल्पा, मनाङ, मुस्ताङ, रसुवा, सोलुखुम्बु, र कालिकोट।
- **उपत्यका तथा मध्यपहाडी क्षेत्र**: कहिलेकाहीँ विशेष चिसो मौसममा कम उचाइका क्षेत्रमा पनि हिमपात हुने गरेको

प्रभावहरूः

(क) **यातायात र सञ्चारमा अवरोध**:

- हिमपातले सडक र हवाई यातायात बन्द हुनसक्ने
- हिमालयन ट्रेकिङ र पर्यटन क्षेत्र प्रभावित हुनसक्ने

(ख) **जीविकोपार्जनमा असर**:

- पशुपालनमा क्षति (पशुहरूको मृत्यु)।
- खेतीयोग्य जमिन हिउँले ढाकिएर कृषि उत्पादन र बालीनालीमा समस्या देखिने

(ग) **जीवनशैलीमा असर**:

- चिसोका कारण मानिसहरूको दैनिकी प्रभावित।
- हिमपात प्रभावित क्षेत्रमा खाद्य सामग्री र इन्धनको अभाव हुनसक्ने ।

४. जोखिमका कारणहरू

(क) **भौगोलिक अवस्था**:

- तराईमा चिसो हावा र कुहिरो (Fog) का कारण शीतलहर।
- पहाडी तथा हिमाली क्षेत्रमा अत्यधिक चिसो हावा र हिमपात।

(ख) **जलवायु परिवर्तन**::

- जलवायु परिवर्तनका कारण तापक्रमको उतारचढाव।
- हिमपात र शीतलहरको अवधि र गहनता बढ्दै गएको।

(ग) **विपन्नता र कमजोर तयारी**:

- गरिबीको रेखामुनी रहेको जनसंख्या कमजोर आवास, आर्थिक अवस्था र न्यूनतम सेवाबाट बन्चितिकरण
- न्यानो कपडा, सुरक्षित आश्रय, र तत्काल राहत सेवाको अभाव।
- जनचेतनाको कमी।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

५. जोखिम न्यूनीकरण उपायहरू

- प्रभावित हुने क्षेत्र र लक्षित जनसंख्याको पहिचान तथा प्राथमिकीकरण
- पूर्व सूचना प्रणालीको सुदृढीकरण।
- स्थानीय र राष्ट्रियस्तरमा पूर्वतयारी योजना।
- जोखिममा पर्ने समूहहरूलाई लक्षित राहत वितरण।
- सामुदायिक शिक्षा र सचेतना अभिवृद्धि।

यसरी, शीतलहर र हिमपातको जोखिमलाई न्यूनीकरण गर्न बहुक्षेत्रीय समन्वय र दीर्घकालीन योजना आवश्यक छ।

६. शीतलहरबाट प्रभावित हुने जिल्लाहरु:

| क्र.सं. | प्रदेश | जिल्लाहरू | प्रभावित हुने अनुमानित जनसंख्या |
|---|---|---|---|
| १. | कोशी | मोरङ्ग, सुनसरी, झापा, उदयपुर | |
| २. | मधेश | सवै ८ वटा जिल्लाहरू | |
| ३. | बागमती | चितवन, मकवानपुर | |
| ४. | गण्डकी | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | |
| ५. | लुम्विनी | नवलपरासी (पश्चिम), रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, वर्दिया | |
| ६. | सुदरपश्चिम | कैलाली, कञ्चनपुर | |

७. हिमपातबाट प्रभावित हुने जिल्लाहरू:

| क्र.सं. | प्रदेश | जिल्लाहरू | प्रभावित हुने अनुमानित जनसंख्या |
|---|---|---|---|
| १. | कोशी | ताप्लेजुङ्ग, संखुवासभा, सोलुखुम्बु | |
| २. | मधेश | | |
| ३. | बागमती | दोलखा, सिन्धुपाल्चोक, रामेछाप, रसुवा, धादिङ्ग | |
| ४. | गण्डकी | गोरखा, मनाङ्ग, मुस्ताङ्ग | |
| ५. | लुम्विनी | | |
| ६. | कर्णाली | डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालीकोट, रुकुम पूर्व | |
| ७. | सुदुरपश्चिम | बाजुरा, बझाङ्ग, दार्चुला | |

८. कार्ययोजनाको उद्देश्य:

शीतलहरको प्रकोपबाट उत्पन्न हुन सक्ने विपद् जोखिमलाई न्यूनीकरण गर्दै विपद्को अवस्थामा प्रभावितहरूको जनधनको सुरक्षा तथा मानवीय सहयोगका लागि पूर्वतयारी तथा प्रतिकार्यका योजना कार्यान्वयन गर्नु कार्ययोजनाको प्रमुख उद्देश्य हो।

(क) शितलहर तथा हिमपातबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न,

(ख) सिमित श्रोत र साधनको अधिकतम उपयोग गरी पूर्वतयारी तथा प्रतिकार्यका कार्य शीघ्र एवं प्रभावकारी बनाउने,



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

(ग) विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुने पद्धति बनाउने तथा उपयुक्त तयारी गर्ने,

(घ) समयमा नै श्रोत साधन तथा क्षमताको आँकलन गर्ने,

(ङ) आपतकालीन प्रतिकार्यका लागि सबै तहका विपद संरचनाहरूको परिचालन एवं समन्वय सुनिश्चित गर्ने,

(च) चिसोका बखत हुने संक्रमण रोक्न स्वास्थ्य मापदण्डलाई अधिकतमरुपमा पालना गराउने,

९. प्राथमिकताहरु:

क. विपद्संग सम्बन्धित सरोकारवाला निकायहरूसंग समन्वय बैठक गर्ने।

ख. शीतलहर र चिसोको लागि आवश्यक राहत सामग्रीहरू तयारी अवस्थामा राख्ने।

ग. जिल्लास्तरबाट राहत सामग्री, वित्तीय स्रोत तथा पूर्व तयारीको विवरण नियमित अध्यावधिक गर्ने।

घ. मौसम पूर्वानुमान र पूर्व चेतावनी परामर्श प्रणालीलाई कृयाशील बनाउने।

ङ. विभिन्न तहका विपद व्यवस्थापन समितिहरू मार्फत सचेतना अभिवृद्धि गर्ने।

च. सबै तहका विपद् व्यवस्थापन समितिहरूलाई शीतलहर र हिमपातको जोखिम न्यूनीकरणका लागि रणनितिक योजना बनाई कार्यान्वयन गर्न समन्वय गर्ने।

छ. स्थानीय स्तरमा संकटासन्न क्षेत्रको नक्सांकन र प्राथमिकीकरण गरी राहत र संरक्षण प्रदान गर्ने गराउने।

ज. विषयगत समितिहरूको नियमित बैठक गर्ने र आवश्यकताको आधारमा खाडल (GAP) पहिचान गरी सोको व्यवस्थापन गर्ने।

१०.कृयाकलापहरु:

यस कार्ययोजनाको उद्देश्य हासिल गर्नका लागि देहाय बमोजिमका क्रियाकलाप गरिने छनः-

क. शीतलहर र हिमपातको जोखिम न्यूनीकरण गर्न गर्नुपर्ने आवश्यक पूर्व तयारी तथा प्रतिकार्य सम्वन्धी कार्यहरूको क्षेत्रगत निकायले कार्ययोजना तयार गर्ने।

ख. शितलहरबाट प्रभावित हुने क्षेत्र र प्रभावित समुदायका विशेष गरी बालबालिका, जेष्ठनागरिक, अपाङ्गता, सुत्केरी तथा गर्भवती महिलालाई प्राथमिकता दिनई राहत उपलब्ध गराउने।

ग. शितलहरको प्रभावबाट सुरक्षित रहने उपायहरूको सम्बन्धमा सवै तहका विपद् व्यवस्थापन सम्वन्धी कार्य गर्ने सरकारी तथा गैरसरकारी संघ सस्थाहरूको परिचालन गर्ने।

घ. विपद्को समयमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाजसँग प्रभावकारी समन्वय गर्ने।

ङ. शीतलहर र हिमपातको जोखिम न्यूनीकरण गर्न गरिएका पूर्व तयारी तथा प्रतिकार्यका कार्यहरूको नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्ने र पृष्ठपोषण दिने।

च. शितलहरबाट बढी प्रभावित हुन सक्ने क्षेत्र, गाउँ, टोल, परिवारहरूको पहिचान गरी राहत तथा उद्धारको लागि दाउरा, कम्बल, न्यानो कपडा जस्ता सामाग्रीहरूको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा राख्न जिल्ला विपद व्यवस्थापन समिति मार्फत स्थानीय तहहरूसँग समन्वय गर्न लगाउने।

छ. जल तथा मौसम विज्ञान विभागले जारी गर्ने ३ दिने बुलेटिन अनुसार सूचना सम्प्रेषण गर्ने गराउने।



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

ज. जाडोयाममा हुन सक्ने स्वास्थ्य सम्वन्धि समस्यालाई न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रम संचालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधीहरू तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने।

झ. शितलहरबाट सुरक्षित रहनका लागि सचेतनात्मक सन्देशमूलक सूचना एवम् जानकारी स्थानीय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत प्रशारण गर्न जिल्ला विपद व्यवस्थापन समितिहरूसँग समन्वय गर्ने।

ञ. शितलहरका समयमा हुस्सुका कारण भिजिविलिटीमा कम हुन गई हुनसक्ने सवारी दुर्घटना न्यूनीकरण गर्न केंन्द्र तथा जिल्लास्तरका सुरक्षा समिति मार्फत यातायात व्यवसायीहरू र ट्राफिक प्रहरीको वैठक र संयुक्त अनुगमनको कार्य गर्ने।

**११. शीतलहर र हिमपातको असरबाट बच्न अपनाउनुपर्ने उपायहरू (सन्देशमुलक सूचना)**

निम्नानुसारका सन्देशमूलक सूचना सामग्रीहरू सन्चार माध्यमबाट प्रसारण गरिने छ।

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शितलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नविताऔं,
- रातको समयमा न्यानो सिरक, कम्मल जस्ता ओड्ने प्रयोग गर्ने र सुत्दा शरीरको सबै भाग र विशेष गरी अनिवार्यरुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने,
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोवाट जोगाउने,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्तमात्रामा तातो झोलिलो खानेकुराहरू खाने,
- चिसो मौसममा ईन्फ्ल्युएन्जा निमोनिया लगायतका संक्रमण वढी हुने हुँदा स्वास्थ्य मापदण्डलाई अपनाउने,
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरूको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरूलाई न्यानो अवस्थामा राख्ने,
- शितलहर चलेको बेलामा घरेलु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ अथवा टहरामै राखेर प्रर्याप्त घाँस, पराल र दाना दिने,
- चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि लैजाने,
- चिसोका कारण पुशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने,
- कोठा भित्र आगो वाली तातो पार्दा प्रयाप्त भेण्टिलेशनको व्यवस्था मिलाउने,तातो बनाउने विद्युतीय सामग्रीहरू हिटर, पानी तातो बनाउने उपकरणहरू प्रयोग गर्दा झ्याल ढोका खुला राखी पर्याप्त अक्सिजन आवतजावत हुने कुरा सुनिश्चित गर्ने र यस प्रकारका सामग्रीहरू लामो समय प्रयोग नगर्ने,
- शीतलहर र हिमपातको समयमा सवारी साधन चलाउदा पर्याप्ता सतर्कता अपनाउने। हुस्सु लागेको समयमा भिजीबिलिटी कम भई अगाडी आएको सवारी साधन नदेखिएर दुर्घट्टना हुने हुँदा यस्तो समयमा सवारी साधन नचलाउने,



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

- हिमपात वा तुसारो जमेको ठाँउमा सवारी चलाउदा चिप्लिएर दुर्घटना हुनसक्ने भएकोले सकेसम्म यस्तो ठाँउमा सवारी साधन नचलाउने,
- हिमपातको समयमा उच्च पहाडी तथा हिमाली भेगमा पर्यटकीय प्रयोजनका लागि यात्रामा सकेसम्म नजाने जानु परेमा अक्सिजन तथा लेक लाग्नबाट बच्ने औषधी तथा आवश्यक प्रवन्ध गरी मात्र जाने ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

## शीतलहर तथा हिमपातको जोखिम न्यूनीकरण र पूर्वतयारी सम्बन्धी कार्ययोजना, २०८१

| क्र.सं. | क्षेत्र | कृयाकलाप | जिम्मेवार निकाय | समय सीमा | स्रोत/सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | शीतलहर तथा हिमपातबाट प्रभावित हुने क्षेत्र तथा लक्षित वर्गको पहिचान | १. प्रभावित हुने सम्भाव्य जिल्ला तथा जिल्ला अन्तरगतका बस्ती, समुदाय र लक्षित वर्गको पहिचान गर्ने<br>२. तत्काल राहत उपलब्ध गराउनु पर्ने जनसंख्याको तथ्याङ्क अध्याबधिक गर्ने<br>३. प्राथमिकता निर्धारण गर्ने | गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरण (NDRRMA) | मंसीर १५ गते सम्म | जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय विपद व्यवस्थापन समिति |
| २ | पूर्व सूचना तथा सावधानी प्रणाली सकृय बनाउने | मौसम पूर्वानुमान प्रणालीको सहयोगमा शीतलहर र हिमपात सम्वन्धी पूर्व सूचना र परामर्श नियमित सम्प्रेषण गर्ने। | मौसम विज्ञान विभाग, NDRRMA, NEOC | नियमित | प्रदेश सरकार,आमसंचार माध्यम, रेडक्रस तथा अन्य संस्थाहरू, र स्थानीय तहहरू |
| ३ | राहत सामग्री तथा वित्तीय स्रोत व्यवस्थापन | १. जिल्ला तथा स्थानीय विपद व्यवस्थापन समितिसँग भएका राहत सामग्रीहरू तथा वित्तीय स्रोतको विवरण अध्यावधिक गर्ने | NDRRMA,PDMC,NEOC,DDMC | मंसीर १५ गते सम्म | रेडक्रस तथा अन्य संस्थाहरू |
| | | २. विपद व्यवस्थापनको क्षेत्रमा कार्यरत संघसंस्थाहरूसँग रहेका राहत सामग्रीहरू तथा वित्तीय स्रोतको विवरण अध्यावधिक गर्ने | NDRRMA, NEOC, PDMC, DDMC | मंसीर १५ गते सम्म | रेडक्रस तथा अन्य संस्थाहरू |
| | | ३. माग संकलन तथा सामग्रीहरूको व्यवस्थापन, वित्तीय स्रोत हस्तान्तरण | NDRRMA, NEOC,PDMC, DDMC | मंसीर २० गते सम्म | WFP, I/NGOs |
| ४ | पूर्व तयारी | १. शीतलहर र हिमपातको जोखिमबारे विद्यालय, समुदाय, र आम सन्चार माध्यम मार्फत जनचेतना अभिवृद्धि गर्ने। | MOHA,NDRRMA, MoHP, HEOC, NEOC | शीतलहर र हिमपात शूरु हुनु भन्दा अगावै | निजी क्षेत्र, गैर सरकारी संघसंस्थाहरू, आम सन्चार माध्यम र सुरक्षा निकाय |
| | | २. शीतलहर तथा हिमपातबाट प्रभावित हुने समुदायलाई न्यानो कपडा, कम्बल, दाउरा लगायतका सामग्रीको वितरण। | जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय तह र सामाजिक संघसंस्थाहरू | शीतलहर र हिमपात सुरु हुनु भन्दा अगावै | निजी क्षेत्र तथा सुरक्षा निकाय |
| | | ३. स्वास्थ्य केन्द्रहरूमा आवश्यक औषधि र जनशक्ति आपूर्तिको सुनिश्चितता । | स्वास्थ्य मन्त्रालय र अन्तरगतका संस्थाहरू | नियमित | प्रदेश तथा स्थानीय सरकार |
| | | ४. उद्धार टोलीहरूलाई हिमपात र शीतलहरसम्बन्धी विशेष तालिम प्रदान। | नेपाल प्रहरी, सशस्त्र प्रहरी, सेना | नियमित | I/NGOs |
| ५ | प्रतिकार्य सम्वन्धी कार्यहरू | १. हिमपातले अवरुद्ध भएका सडक र यातायात सुचारु गर्न मेसिन र उपकरणहरूको तयारी। | सडक विभाग, स्थानीय तह | शीतलहर/हिमपात अघि र भएपछि | सुरक्षा निकाय, निजी क्षेत्र |
| | | २. संकटकालीन सञ्चार प्रणाली व्यवस्थापन । | दुरसञ्चार प्राधिकरण, विपद् व्यवस्थापन समितिहरू | शीतलहर/हिमपात अघि र भएपछि | स्थानीय प्रशासन |

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

कार्यकारी प्रमुख